नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.-६८६, दायर मिति-:२०८०-०३-२०

फैसला मिति-२०८०-०५-०७

वादी

महेन्द्र प्रसाद साहको जाहेरीले नेपाल सरकार--१

प्रतिवादी

जिल्ला पर्सा बी.म.न.पा.वडा नं.१५ बस्ने बर्ष २६ को अनिल सिंह समेत ३-------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले लात,हात,मुक्का हान्दै घाईते बनाई अनमोल पार्टी प्यालेसमा रहेको कुर्सी ,टेबुल,प्लेट लगायतका अन्य समानहरु तोडफोड गरी अभद्र व्यवहार गरेको भन्ने महेन्द्र प्रसाद साहको जाहेरी दरखास्त।

२. लात,हात,मुक्का हान्दै घाईते बनाई अनमोल पार्टी प्यालेसमा रहेको कुर्सी ,टेबुल,प्लेट लगायतका अन्य समानहरु तोडफोड गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

३. लात,हात,मुक्का हान्दै घाईते बनाई अनमोल पार्टी प्यालेसमा रहेको कुर्सी ,टेबुल,प्लेट लगायतका अन्य समानहरु तोडफोड गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका आशिर्वाद प्रसाद कलवार समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा मिति २०८०/०३/०८ गते बिबाहको भोजको कार्यक्रममा डिजे बाजा बजाई रमाईलो गरी बस्दै गरेकोमा ऐ.२३:४० बजेको समयमा सो डि.जे. बजाउने समय समाप्त भए पश्चात म जाहेरवाला महेन्द्र प्रसाद साहले डि.जे. बाजा बन्द गर्न लगाएकोमा प्रतिवादी अनिल सिंह, सोनु सिंह र राजा सिंहले मादक पदार्थ सेवन गरी नशाको तालमा हो-हल्ला गरेकोमा मैले निजहरुलाई सम्झाई बुझाई गर्न खोज्दा निजहरुले मलाई तानी घिसारी भुँईमा लडाई लछार पछार गरी म तथा होटल संचालक क्षेत्र बहादुर श्रेष्ठ र सोही होटेलमा काम गर्ने आसिर्वाद प्रसाद कलवार समेतलाई लात, हात,मुक्का हानी घाईते बनाई अनमोल पार्टी प्यालेसमा रहेको कुर्सी टेबुल, प्लेट लगायत अन्य समानहरु तोडफोड गरी अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा महेन्द्र प्रसाद साहको जाहेरी दरखास्त रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु अनिल सिंह,सोनु सिंह र राजा सिंहलाई जरिवाना जनही रु ५०००।- गर्ने र कैद ११ दिन गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु अनिल सिंह,सोनु सिंह र राजा सिंहलाई ठहरेको कैदको हकमा निज प्रतिवादी मिति २०८०-०३-०९ गते देखि २०८०-०३-१९ सम्म ११ दिन थुनामा बसेको देखिँदा सोही बाट कैद मिनाहा गर्नु जरिवानाको हकमा मिति २०८०-०३-२० गते र.नं.९८५,९८६,९८७ बाट दाखिला गरेको धरौटी रकम जनही रु ५,०००।- बाट जरिवाना रकम जनही रु ५,०००।- कट्टा गरि मिनाहा गर्नु।------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु--------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल भाद्र महिना ७ गते रोज ५ शुभम् .......................